# सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५(३) बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।

### १) निकायको स्वरुप र प्रकृति

बीमा ऐन, २०४९ को दफा १० को उपदफा ३ तथा बीमा नियमावली, २०४९ को नियम ८ को उपनियम १ बमोजिम बीमा समितिबाट जीवन बीमा व्यवसाय गर्न इजाजत पत्र प्राप्त तथा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) अनुसार दर्ता नं. १०३०/०६४/०६५ अन्तर्गत नेपालमा सन नेपाल लाइफ इन्स्योरेन्स कं. लि. को रुपमा कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भई २०७४ अश्विन ६ गते बाट संचालनमा आएको जीवन बीमा कम्पनी हो ।

### २) निकायको काम, कर्तव्य र अधिकार

बीमा ऐन, २०४९ तथा नियमावली २०४९, बमोजिमको काम, कर्तव्य र अधिकार यस बीमा कम्पनीमा निहित रहेको छ ।

### ३) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

हाल यस कम्पनीमा ३८० जना कर्मचारीहरु कार्यरत छन । कम्पनीले तोकेको कार्य विभिन्न कर्मचारीहरु मार्फत भइरहेको छ । व्यवस्थापन निकायहरुको नामावली तथा शाखा र शाखा प्रबन्धकहरुको विवरण कम्पनीको वभेसाइट www.sunlife.com.np मा उपलब्ध छ ।

### ४) निकायबाट प्रदान गरिने सेवा

यस कम्पनीबाट विभिन्न जीवन बीमा, दुर्घटना बीमा, व्यक्तिगत तथा सामूहिक म्यादी बीमा, घातक रोग बिमा सम्बन्धी जस्ता बीमा सेवाहरु प्रदान गरिँदै आएको छ ।

### ५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

सेवा प्रदान गर्ने निकायको शाखाहरुको विवरण यस कम्पनीको वेभसाइट www.sunlife.com.np मा प्रकाशित गरिएको छ ।

## ६) सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

सामान्य जीवन बीमा, दुर्घटना तथा स्वास्थ बीमा र सामूहिक म्यादी बीमाको हकमा समितिको स्वीकृति तथा समितिद्धारासमय समयमा जारी गरिने निर्देशन बमोजिमको बीमाशुल्क तथा बीमाको हकमा कम्पनीको जोखिमाङ्कन विभाग तथा पुनर्बीमकबाट तोकिए बमोजिमको बीमाशुल्क भुक्तानी पश्चात तत्कालै बीमालेख उपलब्ध गराइन्छ । साथै दावी परेमा आवश्यक सम्पूर्ण कागजात तथा जानकारी प्राप्त भएको मितिले १५ दिन भित्र दायित्व निर्धारण गरि भुक्तानी पूर्जी (डिस्चार्ज भाउचर) जारी गरिन्छ र यसरी जारी गरेको भुक्तानी पूर्जी निवेदकबाट प्राप्त भएको मितिले १५ दिन भित्र बीमा दावी भुक्तानी गरिन्छ ।

## ७) निर्णय गर्ने प्रकृया र अधिकारी

बीमा कारोबारको सम्बन्धमा विभिन्न तहका अधिकारीहरुले निर्णय गर्न सक्ने प्रकृया मिलाइएको छ । नियमित कार्य संचालन सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत तथा कम्पनीको मुख्य तथा कार्यालयहरु अन्तिम निर्णयकर्ता रुपमा रहेका छन ।

## ८) निर्णय उपर उजुरी सुन्ने अधिकारी

उजुरीको प्रकृति अनुसार विभागीय प्रमुख कार्यकारी अधिकृत ।

## ९) सम्पादन गरेको कामको विवरण

बीमा ऐन, २०४९ तथा नियमावली २०४९ र बीमा समितिले तोके बमोजिम जीवन बीमा कम्पनीले गर्न सक्ने बीमा सम्बन्धी सम्पूर्ण कारोवारहरु सम्पादन भइरहेका छन ।

## १०) सूचना अधिकारी र प्रमुखको नाम र पद

सूचना अधिकारीको नाम : श्री प्रदीप गौतम , प्रबन्धक

## ११) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

कम्पनी ऐन २०६३, बीमा ऐन, २०४९ तथा नियमावली २०४९, बीमा समितिद्धारा जारी निर्देशन, परिपत्र, संस्थागत सुशासन निर्देशिका, श्रम ऐन २०७४ तथा नियमावली २०७५, बोनस ऐन २०३० तथा नियमावली २०३९, आयकर ऐन २०५८ तथा नियमावली २०५९, सम्पत्ति शुद्धिकरण ऐन, २०६४ र नियमावली, २०७३ आदि ।

## १२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

यस कम्पनीको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित हुँदै आएको छ साथै यस कम्पनीको वभेसाइट www.sunlife.com.np मा पनि उक्त विवरणहरु राखिएका छन् ।

**१३) तोकिए बमोजिम अन्य विवरण**

नभएको

**१४) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम आयोजना गरेको भए सो को विवरण अभिकर्ता सम्मेलन, कर्मचारी तथा अभिकर्ता तालिम, सेमिनार आदि ।**

नभएको

**१५) सार्वजनिक निकायको वेभसाइट भए सो को विवरण**

www.sunlife.com.np

**१६) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र संझौता सम्बन्धी विवरण**

नभएको

**१७) सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन**

नभएको

**१८) सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सचू नाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि, आदि विवरण**

नभएको

**१९) सार्वजनिक निकायमा परेका सूचना माग, सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण**

नभएको

**२०) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भए सोको विवरण यस कम्पनीको वेभसाइटमा ।**

सन नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड

कर्पोरेट कार्यालय, कमलादी, काठमाण्डौं, नेपाल

फोन नं. ४४३६१२६, ४४३६१२७, ४४३६१२८

ईमेल : info@snlic.com.np

वेभसाइट : www.sunlife.com.np